शिर छेदिएका 'राजा यलम्बर'को कथा

आभास धरानन्द राजोपाध्याय माघ १८, २०७६ | शनिबार | काठमाडौँ

1.1K
SHARES

काठमाडौँ र यहाँको संस्कृति जति विविधतायुक्त छ, त्यति नै विविधतायुक्त छ यहाँका किंवदन्तीहरू।

'यहाँ जति धेरै घरहरू छन् त्यति धेरै मठमन्दिर छन्, जति धेरै मानिसहरू छन् त्यति धेरै मूर्तिहरू छन्,' नेपाल आउने १८ औँ शताब्दीका पहिलो अङ्ग्रेज कर्नेल कर्कप्याट्रिकले भनेका थिए, 'कुनै धारा, नदी वा पहाड छैन जुन एक वा अन्य हिन्दु देवताप्रति समर्पित छैन।'

लोककथा सङ्कलक र कवि केशर लाल यसमा टिप्पणी गर्छन्, 'यदि उनलाई सन् १७९३ को फेब्रुवरीमा एक साता बढी बस्न दिइएको भए र यहाँका जात्रामात्रा हेर्न दिइएको भए, उनले अझ थप्थे होलान् कि प्रत्येक मन्दिर, मूर्ति, धारा वा पहाडसँग सम्बन्धित कुनै कथा छ।'

देवताहरू पृथ्वीमा आएका वा यहाँका राजा तथा आम मानिस देवता बनेका प्रशस्त कथाहरू काठमाडौँमा छरिएका छन्। यस्तै कथा छ, किराँती राजा यलम्बर भैरवका रूपमा पुजिएको। कथा यस्तो छ–

किराँती राजा यलम्बरलाई भगवान् शिवकै रूप मानिन्छ। महाभारतको युद्ध सुरु हुनुभन्दा धेरैअघि उनी कुरुक्षेत्रतर्फ लाग्छन् र बाटोमा एक ग्वालासँग उनको भेट हुन्छ। ग्वाला अरू कोही होइन, भगवान् श्रीकृष्ण नै हुन्।

यलम्बर उनलाई महाभारतको युद्ध किन सुरु नभएको भनी प्रश्न गर्छन्। देवताहरूलाई मात्र ज्ञात भएको भविष्यको युद्धबारे यी राजालाई कसरी थाहा भयो भनी श्रीकृष्ण अचम्ममा पर्छन्। यलम्बरमा भगवान् शिवको रूप देखिएपछि श्रीकृष्ण उनलाई महाभारत युद्धबाट पन्छाउन खोज्छन्।

श्रीकृष्णले आफ्नो प्राण एक वृक्षमाथि राखेर राजा यलम्बरलाई युद्धका लागि आमन्त्रण गर्छन्। अनि सुरु हुन्छ, श्रीकृष्ण र राजा यलम्बरबीच युद्ध।

श्रीकृष्णसँग युद्ध गरिरहँदा यलम्बरको निशानामा श्रीकृष्णले आफ्नो प्राण राखेका वृक्षमै रहन्छ। यता भगवान् कृष्णले चाल पाई पुनः आफ्नो प्राण आफ्ना बूढी औँलाको टुप्पोमा राख्छन्, फेरि यलम्बरले कृष्णको बूढी औँलालाई नै निशाना बनाउँछन्। लामो समयको युद्धमा कुनै नतिजा निस्कन्न, राजा यलम्बर भने हावी हुन्छन्।

श्रीकृष्ण भन्छन्, ‘हे राजा! म तिम्रो बलदेखि प्रसन्न भए। वरदान माग।’

आफू जितको सबभन्दा नजिक भएको दम्भ गर्दै राजा यलम्बर भन्छन्, ‘म शक्तिशाली थिएँ, बरु तिमीले मसँग वरदान माग।’

श्रीकृष्णले राजालाई वचनबद्ध पारी आफ्नो सुदर्शन चक्रले वध गर्न पाऊँ भन्ने वरदान माग्छन्, राजा यलम्बरको एउटा शर्त हुन्छ, ‘आकाशबाट महाभारत युद्ध हेर्न पाऊँ।’

यसैअनुसार श्रीकृष्णले उनको शिर छेदन गर्छन् र उक्त शिरले महाभारत युद्ध आकाशबाटै हेर्ने अवसर पाउँछ। तर महाभारत युद्धभर दुवै पक्षबाट जहाँतहीँ भगवान् श्रीकृष्ण नै युद्ध गरिरहेको देखेर तथा आफूले युद्धमा भाग लिन नपाएर शिरच्छेदन गरिएका राजा दिक्क हुन्छन्। त्यसपछि उनी उत्तरतर्फ हिमालतर्फ लाग्छन् र काठमाडौँ उपत्यकामा हालको इन्द्रचोकमा पुग्छन्।

यसै कथाअनुसार हालसम्म पनि इन्द्रचोकस्थित आकाश भैरवमा शिर भाग मात्र रहेको मूर्ति छ। मन्दिरको माथिल्लो तल्लामा भैरव विराजमान छन्। नील वर्णको ठूलो शिरभाग, ठुल्ठूला आँखा, मुण्डमालाको ताज र सर्पका गहना– भगवान् शिवको डरलाग्दो रूप मानिने भैरवको मूर्तिमा पाइने यी तत्त्वले युक्त छ आकाश भैरवको मूर्ति।

यस कथासँग जोडिएका राजा यलम्बरलाई नै प्रथम किराँती राजा मानिन्छ। विद्वान् दिनेशराज पन्तको पुस्तक 'प्रथम किरात राजा यलम्वरको समय'ले यलम्बरले किराँत राज्य खडा गरेको समय ईशापूर्व १५०० जनाएको छ। उनले मध्य नेपाल विजयसँगै यालुङबाट आफ्नो राजधानी थानकोट सारेको मानिन्छ। त्यस बेला उनको राज्य पश्चिममा त्रिशूलीदेखि पूर्वमा तिस्टासम्म मानिन्छ।

किराँतहरूले काठमाडौँलाई कोठमधुम भन्ने गर्थे, जसबाट पछि काष्ठमण्डप हुँदै काठमाडौँ नाम रहन गएको किराँतीहरूको लोककथन छ। ३२ किराँती राजाले १९०३ वर्ष ८ महिना राज्य गरेको वंशावलीहरूमा उल्लेख छ।

ठ्याक्कै यही कथा छ, भारतमा खाटु श्याम बाबाको। महाभारतमा उनलाई बर्बरीक भनी चिनाइएको छ, पाँच पाण्डवमध्ये भीमसेनका नाति तथा घटोट्कच र मौर्वीका छोरा मानिन्छ। शक्तिशाली धनुर्धर बर्बरीक महाभारत युद्धमा कमजोरको पक्ष लिई लड्ने वचनबद्ध थिए। महाभारतको धर्म युद्धमा विध्वंश मच्चाउन सक्ने भन्दै भगवान् श्रीकृष्णले उनको असीमित शक्तिको बेफाइदा देखाउँछन्। एकै वाणले एक वृक्षको सबै पात छेदन गर्न भगवान् श्रीकृष्णले अह्राउँदा श्रीकृष्णले खुट्टाले कुल्चेका पातका कारण एउटा वाण श्रीकृष्णको खुट्टाको औँलामा लाग्छ।

यसै कारण युद्धबाट बर्बरीकलाई हटाउन श्रीकृष्णले उनको शिर छेदन गर्छन् तर बर्बरीकले युद्ध हेर्ने वरदान चाहिँ पाउँछन्। पछि उनै बर्बरीकलाई खाटु श्याम बाबा भनी भारतका राजस्थान, गुजरातलगायत स्थानमा पूजा गरिन्छ।

यसैअनुसार नेपालमा बस्ने राजस्थानी वा गुजराती भारतीयहरूले आकाश भैरवलाई खाटु श्याम बाबा मानी पूजा गर्दै आएका छन्।

त्यस्तै, आकाश भैरवलाई स्थानीय नेपाल भाषामा 'आजु द्यः' भनी सम्बोधन गरिन्छ। यसको अर्थ हुन्छ, पितृरूपका देवता।

भैरवलाई यसरी 'आजु'का रूपमा मान्ने परम्परा काठमाडौँ उपत्यकाभर व्याप्त छ। अर्थात् भैरवलाई पुर्खा मान्ने वा भनूँ आफ्ना पुर्खालाई पनि भैरव मान्ने परम्परा छ। विशेषतः तन्त्र परम्पराअनुसार आगमघरमा आफ्ना पुर्खालाई पुज्ने परम्परासँग पनि जोडिन्छ भैरव पुजन र यही चलन मन्दिरबाहिर पनि छ।

शिरच्छेदनको कथाहरू विश्वभर प्रसिद्ध छन्। त्यसमध्ये दक्षिण एसिया र भारतका विभिन्न स्थानमा यस्ता कथा प्रशस्तै छन्। नेपाल र उपत्यकाभित्रै अझ छिन्नमस्ताजस्तो शिरच्छेदनको परम्परा विद्यमान छ। फैलिँदै आएका कथासँगै काठमाडौँ उपत्यकामा यो कथा संस्कृतिको अभिन्न अङ्ग बन्न पुगेको हो। केलाउँदै जाने हो भने यसले सांस्कृतिक आदानप्रदानको केही अंश भए पनि रहस्योद्घाटन गर्न सक्छ।

प्रकाशित: Feb 01, 2020 | 06:19:27

आभास धरानन्द राजोपाध्याय

3 Comments Sort by Oldest

Add a comment...

Bhim Raj Rai
लेखकलाई धेरै धेरै धन्यवाद तथा आभार।
Unlike · Reply · 2 · 13w



P.r. Bajracharya
आकाश भैरब बारे कथा पढेर अत्यन्त खुसि लाग्यो./कथा ज्ञानं बर्दक छ/.
Unlike · Reply · 1 · 13w

Sanjib Tuladhar
Thank you
Unlike · Reply · 1 · 13w

Facebook Comments Plugin